# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० असोज १५ गते

## आयोगले संविधानसभा निर्वाचनको अनुगमन गर्ने

राष्ट्रिय मानव अधिकार आयोगले आसन्न संविधानसभाको निर्वाचनलाई मध्यनजर गर्दै निर्वाचन अघि, निर्वाचनको समय र निर्वाचनपछि हुनसक्ने मानव अधिकार हननका घटनाहरूबारे अनुगमन गर्ने भएको छ ।

यही प्रयोजनका लागि आयोगको केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका अधिकृतहरू आजैदेखि सम्बन्धित कार्यक्षेत्रमा खटिएका छन् ।

अनुगमनका क्रममा 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६' तथा नेपाल पक्षराष्ट्र भएको मानव अधिकारसम्बन्धी मूल सन्धिहरू, 'नेपालको अन्तरिम संविधान, २०६३' आदिले प्रत्याभूत गरेका नागरिकका अधिकारसम्बन्धी प्रावधानहरूको पालना भए-नभएको तथा निर्वाचनसम्बन्धी आचार संहिताको पालना भए-नभएको बारे पनि अनुगमन गर्नेछ ।

आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, निर्वाचन आयोग, नेपाल सरकार, निर्वाचन पर्यवेक्षणको जिम्मेवारी पाएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, सुरक्षा निकाय, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मीहरूसँग समेत आवश्यकत समन्वय र सहकार्य गरी निर्वाचनको अनुगमन गर्नेछ ।

सुवर्ण कर्माचार्य

निमित्त सचिव